नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
# उद्योग विभाग
त्रिपुरेश्वर, काठमाडौं, नेपाल

त्रिपुरेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्याः २०८२/८३

## ट्रेडमार्क सम्बन्धी पुनः सूचना

सूचना प्रकाशन मितिः २०८२/११/१७

सम्वत् २०८२ साल भाद्र २४ गते भएको आगजनी, तोडफोडबाट विभागको औद्योगिक सम्पत्ति शाखामा रहेका भौतिक फाइलहरु जलेर नष्ट भएकोले ट्रेडमार्क दर्ता तथा नवीकरण लगायतको कार्यमा समस्या परेको हुँदा उक्त मिति अघि विभागमा ट्रेडमार्क दर्ता तथा नवीकरणको लागि निवेदन दिएका सम्पूर्ण दरखास्तवालाले आवश्यक कागजात संलग्न राखी प्रतिलिपि फाईल खडा गरी यो सूचना प्रकाशित भएको मितिले ९० दिनभित्र आवेदन पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि मिति २०८२/०८/१५ मा सूचना प्रकाशन गरिएकोमा सेवाग्राहीबाट समय अपुग भएकोले पुनः समय थप गर्नको लागि अनुरोध भएको हुँदा यो सूचना प्रकाशन भएको मितिले ९० दिनको समय थप गरी देहाय बमोजिम हुन यो सूचना प्रकाशित गरिएको छ। साथै, थप गरिएको अवधिभित्र निवेदन पेश हुन नआएका वा निवदेन पेश भई कागजातमा पुष्ट्याई हुन नसकेका दरखास्तका सम्बन्धमा प्रचलित कानून बमोजिम भई जाने व्यहोरा समेत सम्बन्धित सबैमा सूचित गरिन्छ।

१. यस विभागमा ट्रेडमार्क दर्ताका लागि निवेदन दिएका र कागजात पूरा नभएका दरखास्तवालाहरूको हकमा यो सूचना प्रकाशित भएको मितिले ९० दिनभित्र आवश्यक कागजात संलग्न गरी विभाग समक्ष पुनः निवेदन पेश गर्नुपर्नेछ।
२. यो सूचना प्रकाशित हुनुभन्दा अघि औद्योगिक सम्पत्ति बुलेटिनमा प्रकाशित भई दाबी विरोधको उजुरी नपरेका तर प्रमाणपत्र लिन बाँकी रहेको हकमा पेटेन्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ मा व्यवस्था भए बमोजिम नवीकरण गर्ने समय व्यतित भएको भएमा त्यस्ता आवेदनको सम्वन्धमा प्रचलित कानून बमोजिम भई जानेछ।

२०८२/११/१६

शाखा अधिकृत

एक्सचेन्जः ४२६११०१, ४२६१२०३, ४२६११६८, ४२६११६९, फ्याक्सः ९७७-१-४२६१११२, इमेलः info@doind.gov.np, वेबसाइटः http://www.doind.gov.np
(कृपया पत्राचार गर्दा पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)